नागार्जुन नगरपालिका

स्थानीय राजपत्र

खण्ड (१०), काठमाडौं असार १२ गते, २०८३ साल (संख्या १०)

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/०६

भाग - २

# सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना**

नागार्जुन नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाको मिति २०८०/०८/०६ को बैठकले सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० पारित गरि जारी गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि नागार्जुन नगरकार्यपालिकाबाट पारित भै राजपत्रमा प्रकाशित भएको मिति देखि तुरुन्त लागू हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि

(१) “नगरपालिका” भन्नाले नागार्जुन नगरपालिकाकालाई सम्झनुपर्दछ ।

(२) “बैंक” भन्नाले यस कार्यविधि अनुसार उद्यमकर्जा प्रवाह गर्ने बैङ्क तथा वित्तीय संस्था लाई सम्झनु पर्दछ ।

(३) “नगर क्षेत्र” भन्नाले नागार्जुन नगरपालिकाको क्षेत्रलाई सम्झनु पर्दछ ।

(४) "उद्यम व्यवसाय" भन्नाले यस कार्यविधिको अनुसूची-१ मा उल्लेख गरिएका क्षेत्रहरुमा श्रम, सीप, अनुभव, ज्ञान तथा पुँजी-प्रविधि लगानी गरी गरिएको व्यवसाय सम्झनुपर्दछ ।

(५) "सहुलियतपूर्ण उद्यम कर्जा" भन्नाले यस कार्यविधिको अनुसुचीमा-१ मा उल्लेखित गरिएका क्षेत्रहरुमा उद्यम व्यवसायका लागि बैङ्क तथा वित्तीय संस्था हरुले प्रवाह गरेको कर्जा सम्झनु पर्दछ ।

(६) "ब्याज अनुदान" भन्नाले यस कार्यविधिको अनुसुची-१ मा उल्लेखित गरिएका क्षेत्रहरुमा उद्यम व्यवसायका लागि बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जामा नगरपालिकाले सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि यस कार्यविधि बमोजिम दिईने ब्याज अनुदानलाई सम्झनु पर्दछ ।

(७) "बैंक" भन्नाले नगरपालिका जमानीमा बसी सिफारिस गरे वमोजिमका उद्यम तथा व्यवसायमा प्रवाह गरिने सहुलियत कर्जामा सहकार्य गर्न सम्झौता भएको बैङ्क तथा वित्तिय संस्था लाई सम्झनु पर्दछ ।

## परिच्छेद-३
## उद्यम तथा व्यवसाय कर्जामा प्रदान गरिने ब्याजअनुदान सम्वन्धी व्यवस्था

**३. उद्यम तथा व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्वन्धी व्यवस्थाः**

(१) वैदेशिक रोजगारीवाट फर्की आएका तथा नगर क्षेत्रमा रहेका, उद्यम एवं व्यवसाय गर्न चाहने नगरपालिकामा स्थायी बसोबास भएका बेरोजगारहरुलाई अनुसूची -१ मा उल्लेखित उद्यम व्यवसायहरुका लागि बैंकबाट वितरित सहुलियतपूर्ण कर्जामा नगरपालिकाको तर्फबाट ब्याज अनुदान प्रदान गरिनेछ ।

(२) यस्तो ब्याज अनुदान यो कार्यविधि लागू भएपछि सहूलियतपूर्ण कर्जा लिने ऋणिहरुलाई नगरपालिका, बैङ्क र उद्यमीसँग भएको सम्झौता बमोजिम उपलब्ध हुनेछ ।

(३) बिना धितो ब्याज अनुदान प्राप्त गर्ने उद्यम व्यवसाय सहुलियतपूर्ण कर्जाको अधिकतम् सीमा ब्यवसायिक योजना अनुसार बढीमा १ लाख देखि २ लाखसम्म हुनेछ । आवश्यकता र औचित्यताको आधारमा सो भन्दा बढी रकम ऋण प्रवाह गर्दा बैङ्क तथा वित्तीय संस्थाले धितो राखि प्रचलित कानून बमोजिम उपलब्ध गराउन सक्नेछ ।

(४) यस कार्यविधि बमोजिम सम्झौता भए अनुसारका बैङ्क तथा वित्तिय संस्था लाई ब्याज अनुदान प्राप्त हुने गरी नगरपालिकाद्वारा ग्यारेण्टी स्वरुप व्याज अनुदान कोषको रुपमा कर्जा सुरक्षण दिने गरि रकम जम्मा गर्न सकिनेछ ।बैंकले नगरपालिको सिफारिस अनुसार उद्यमी तथा व्यवसायीहरुलाई सहुलियतपूर्ण ऋण प्रवाह गर्न सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिईने उद्यम व्यवसाय कर्जाको भुक्तानी अवधि बढीमा ५ (पाँच) वर्षको हुनेछ । ऋणीले ब्याज अनुदान पाउने रकम बाहेक अरु लागेको सेवा शुल्क, किस्ता लगायतका रकम वैंकलाई सम्झौता अनुसार भुक्तानी गर्नु पर्नेछ ।

(६) अनुसूची- १ मा उल्लेखित कार्यक्रमहरुका लागि ब्याजदर अनुदानको प्रतिशत प्रत्येक आर्थिक वर्षको शुरुमा उद्यमशीलता विकास कार्यक्रम अनुगमन तथा सिफारिस समितिको सिफारिसमा आवश्यकता अनुसार बैंक र नगरपालिकाको आपसी सहमतीका आधारमा पुनरावलोकन गर्न सकिने छ ।

(७) उद्यमी व्यवसायीले तयार पारेका व्यवसायिक योजनाका आधारमा सहकार्य गर्ने बैंकले गर्ने लगानीमा नगरपालिकाले सम्झौता बमोजिम ब्याज अनुदान अधिकतम् ५ (पाँच) बर्षका लागि मात्र उपलब्ध गराउनेछ ।

## परिच्छेद-४

### ४. उद्यमशीलता विकास कार्यक्रम कर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रिया

(१) ब्याज अनुदान स्वरुप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नगरपालिकाले ब्याज अनुदान दिन "उद्यमशीलता विकास कार्यक्रम" नामको कोष स्थापना गर्नेछ । उक्त कोषमा ब्याजमा आवश्यकता अनुसारको रकम जम्मा गरिनेछ । प्रत्येक महिनाको २५ गते भित्र सम्बन्धित बैङ्कको अनुरोधमा उक्त व्याज रकम नगरपालिकाले सो बैङ्कलाई हस्तान्तरण गर्नेछ।

(२) वैंकले यस कार्यविधि बमोजिम कर्जाको सदुपयोगिता यकीन गरी नगरपालिकाले सहूलियत कर्जाका लागि सिफारिस गरेका ऋणीहरुले प्राप्त गरेको ब्याज अनुदान बापतको रकमको मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-५
## कर्जा वर्गिकरण तथा जोखिम सम्वन्धी व्यवस्था

### ५. कर्जा वर्गिकरण तथा जोखिम सम्वन्धी व्यवस्थाः

(१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंकले जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ । प्रचलित कानून, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी, अनुगमन तथा असुली सम्वन्धमा सम्बन्धित वित्तिय संस्था तथा बैंकले स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्नु पर्नेछ ।

(२) बिना धितो त्रिपक्षीय सम्झौता गरी कर्जा प्रवाह गर्दा बढीमा दुई लाखसम्म ऋणीसँग सम्झौता भएको मितिले (पाँच) वर्षका लागि मात्र नगरपालिकाले सम्बन्धित वैंकलाई व्याज अनुदान उपलब्ध गराउनेछ ।



नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १०

## परिच्छेद-६
## उद्यम तथा व्यवसाय गर्ने ऋणिले प्राप्त गर्ने ब्याज अनुदान रकम

**६. उद्यम तथा व्यवसाय गर्ने ऋणिले ब्याज अनुदान रकम प्राप्तिका लागि गर्नुपर्ने कार्यः**
उद्यम तथा व्यवसाय कर्जामा ब्याज अनुदान लिने प्रयोजनको लागि ब्याज अनुदान रकम प्राप्त गर्न ऋणीले देहाय बमोजिम कार्यशर्त तथा दायित्व अनिवार्य पुरा गर्नु पर्नेछः-

(१) उद्यम तथा व्यवसाय सञ्चालन गर्न इच्छुक स्थानीय उद्यमीहरूबाट प्रस्ताव माग गर्न नगरपालिकाले कम्तीमा एक्काइस (२१) दिनको सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्नेछ।

(२) प्राप्त प्रस्तावहरू अनुगमन तथा सिफारिस समितिले यस कार्यविधि बमोजिम अध्ययन तथा मूल्याङ्कन गरी योग्य उद्यमी छनोट गर्नेछ।

(३) उपदफा (२) बमोजिम छनोट भएका उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण उपलब्ध गराउन अनुगमन तथा सिफारिस समितिले आवश्यक सिफारिस सहित सम्बन्धित बैङ्क तथा वित्तीय संस्थामा पठाइनेछ।

(४) उद्यम व्यवसाय गर्न चाहने उद्यमीहरुलाई प्रस्ताव पेश गर्नको लागि नगरपालिकाले यस कार्यविधिमा तोकिएको प्रक्रिया बमोजिम ब्याज अनुदान सहितको उद्यमकर्जा लिनको लागि अनुसूची-२ बमोजिमको ढाँचामा सम्वन्धित बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(५) आफूले लिएको कर्जाको साँवा रकमको किस्ता समयमै वैंकसँगको सम्झौता वमोजिमको अवधिमा भुक्तानी गर्ने, कर्जा सुरक्षित गर्नका लागि बैंकले मागेका विवरण उपलब्ध गराउने र तोकेका शर्तहरुको पालना गर्नु पर्नेछ ।

(६) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यको लागिमात्र कर्जा प्रयोग गर्नु पर्नेछ । उक्तकर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान दिईने छैन । नगरपालिकाले भुक्तानी दिइ सकेको व्याज अनुदान समेत असुल उपर गरिने छ । वैंक तथा वित्तिय संस्थासँगको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नतिर्ने व्यक्ति वा फर्मलाई बैंकको सिफारिसमा नगरपालिकाले कालो सूचीमा राखी जन्मदर्ता, मृत्युदर्ता र विवाह दर्ता वाहेकका अन्य सेवा तथा नगरपालिकावाट उपलव्ध हुने सम्पूर्ण सेवा सुविधा एवं सिफारिसमा बन्देज लगाई कर्जाको सावाँ, व्याज उठाउन बैकलाई नगरपालिकाले सहयोग गर्नेछ ।

(७) नगरपालिका क्षेत्रभित्र उत्पादनमूलक उद्योग व्यवसाय शुरु गर्नेलाई ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिनको लागि आफुले सञ्चालन गर्न लागेको उद्यम तथा व्यवसाय नगरपालिकामा नियमानुसार दर्ता गर्नु पर्नेछ ।

(८) नगरपालिकाले संचालन गरेको उद्यमशीता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिनको लागि नगरपालिकाद्वारा संचालन गरिने तालिम कार्यक्रममा सहभागी

भएकालाई प्राथमिकता दिइनेछ र अन्यत्र तालिम लिएको भएता पनि प्रमाण पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(९) नगरपालिकाले सञ्चालन गरेको उद्यमशीलता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिने प्रयोजनका लागि नगरपालिकाको सिफारिस लिन अनुसूची-३, पारिवारिक मञ्जुरीनामा अनुसूची-४ र सामुहिक जमानी अनुसूची-५ (अनुसूची-३ र ४ वैंकवाट कर्जा स्वीकृत भएमा मात्र भर्नु पर्नेछ) मा उल्लेख भए बमोजिम नगरपालिकामा सम्बन्धित व्यक्तिहरुको नागरिकता सहित उपस्थित भई प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा फारम भरी बुझाउनु पर्ने छ ।

## परिच्छेद-७
## बैंक सँग सम्झौता तथा गर्नुपर्ने कार्यहरु

### ७. बैंकसँग सम्झौता तथा गर्नुपर्ने कार्यहरु

उद्यशीलता विकास कार्यक्रम अनुगमन तथा सिफारिस समितिको सिफारिस बमोजिम सम्बन्धित उद्यम व्यवसायीहरुलाई सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ। बैङ्कसँग सम्झौता गर्दा नगरपालिकाले विनियोजित गरेको उद्यमशीलता विकास कार्यक्रम कोषको रकम सम्बन्धित बैङ्कमा ग्यारेन्टी स्वरुप नगरपालिकाको नाममा रहनेछ। अन्य सम्झौताहरु आपसी सहमतीका आधारमा तोकिए बमोजिम हुनेछन् । उद्यम व्यवसाय कर्जामा व्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागी बैंकले गर्नुपर्ने कार्यहरु देहाय बमोजिम हुनेछः

(१) स्थानीय उद्यमीहरूलाई सहुलियतपूर्ण ऋण तथा वित्तीय सेवामा पहुँच सुनिश्चित गर्न इच्छुक "क" र "ख" वर्गका बैङ्क तथा वित्तीय संस्थाहरूलाई सात (७) दिनको सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव पेश गर्न आह्वान गरिनेछ।एक भन्दा बढी बैङ्क तथा वित्तीय संस्थाले प्रस्ताव पेश गरेमा न्यून व्याजदर पेश गर्ने बैङ्क तथा वित्तीय संस्था छनौट गरिनेछ ।एक भन्दा बढि बैङ्क वा वित्तीय संस्थाले समान व्याजदर प्रस्ताव गरेमा आपसी सहमतिका आधारमा गोलाप्रथाद्वारा बैङ्क छनौट गरिनेछ ।

(२) उद्यम व्यवसाय कर्जामा व्याज अनुदान रकम प्राप्त गर्ने गरी व्यावसायिक कर्जाको लागी निवेदन दिएमा प्राप्त निवेदन तथा विवरणका आधारमा कर्जाको सदुपयोग हुने गरी कर्जा प्रवाह गर्नु पर्नेछ । कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने कारण सहित उद्यमी तथा व्यवसायी र नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(३) सम्झौता बमोजिमको किस्ता नियमित नभएमा अनुसूची-६ बमोजिम नगरपालिकालाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(४) उद्यम व्यवसाय कर्जामा प्रदान गरिने व्याज अनुदान रकमको विवरण अनुसूची-७ मा उल्लेखित निवेदनको ढाँचामा ऋणिले अनुदान पाएको व्याज रकम सहित अरु किस्ता रकम असुल गरेको प्रमाण सहित नगरपालिकामा त्रैमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(५) अनिवार्य रुपमा कर्जा सदुपयोगिता निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

## परिच्छेद-८
## अनुगमन तथा सिफारिस समितिको गठन

**८. अनुगमन तथा सिफारिस समितिको गठनः**

(१) नगरपालिकाको सिफारिसमा उद्यम तथा व्यवसायमा कर्जामा प्रदान गरिने व्याज अनुदान, कर्जा सुरक्षण सम्बन्धि कार्यको अनुगमन तथा सिफारिस गर्न देहाय बमोजिमको अनुगमन तथा सिफारिस समिति गठन हुनेछः

(क) प्रमुख, नगरपालिका - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका - सदस्य

(ग) सहकार्य गर्ने बैंक तथा वित्तीय संस्थाको शाखा प्रवन्धक - सदस्य

(घ) वैंकको ऋण शाखा हेर्ने प्रमुख, - सदस्य

(ङ) सम्बन्धित वडाका अध्यक्ष - सदस्य

(च) सम्बन्धित शाखाका प्रमुख - सदस्य

(छ) नगरपालिकाको उद्योग तथा उद्यमशिलता कार्यक्रम हेर्ने अधिकृत - सदस्य सचिव

**(२) अनुगमन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

(क) उद्यम व्यवसाय कर्जामा प्रदान गरिने व्याज अनुदान सम्बन्धी व्यवस्थाको प्रभावकारी रुपमा कार्यन्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्नु पर्नेछ ।

(ख) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउन तथा निर्देशिका तथा अनुसूचीको थप व्याख्या गर्नु पर्ने भएमा अनुगमन तथा सिफारिस समितिले समस्या समाधानको लागि लिखित राय सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ग) कर्जाको सही सदुपयोग भए नभएको सम्बन्धमा मासिक प्रतिवेदन अनुगमन तथा सिफारिस समितिले पेश गर्नु पर्नेछ ।

(घ) समितिको बैठक कम्तिमा मासिक रुपमा र आवश्यकता अनुसार जुन सुकै बेला बस्नेछ ।

(ङ) समितिको वैठक भत्ता, सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

(च) व्याज अनुदान प्राप्त गरेका उद्यमी व्यवसायीहरुले कावु वाहिरको परिस्थिति उत्पन्न भई वैंकको किस्ता नियमित गर्न नसकेमा व्यवसाय सुचारु हुन नसकेको व्यहोराको निवेदन सहित प्राप्त भएमा सो सम्बन्धमा अवस्था यकिन गरी राय सहितको प्रतिवेदन समितिमा पेश गर्ने ।

**(३) उद्यमी तथा व्यवसायी छनौटको आधार**

(क) नगरपालिकाले कम्तीमा एक्काइस (२१) दिनको सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक उद्यमी तथा व्यवसायीबाट सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान प्राप्त गर्न आवेदन माग गर्नेछ।

(ख) लाभग्राही तथा उद्यमी छनोट गर्दा अनुगमन तथा सिफारिस समितिले देहाय बमोजिम मूल्याङ्कन गर्नेछः

| **क्र.सं.** | **मूल्याङ्कनका आधार** | **पूर्णाङ्क** |
|---|---|---|
| १ | व्यवसायिक योजनाको सम्भाव्यता, दिगोपन तथा बजार सुनिश्चितता | ३० |
| २ | सम्बन्धित व्यवसायमा सीप, अनुभव तथा तालिम | १५ |
| ३ | स्थानीय स्रोत, कच्चा पदार्थ तथा प्रविधिको उपयोग | १० |
| ४ | प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने क्षमता | १५ |
| ५ | व्यवसाय सञ्चालनप्रतिको प्रतिबद्धता तथा वित्तीय अनुशासन | १० |
| ६ | महिला, युवा, वैदेशिक रोजगारीबाट फर्केका, दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न तथा लक्षित वर्ग | १० |
| ७ | नवप्रवर्तन, वातावरणमैत्री तथा मूल्य अभिवृद्धि हुने व्यवसाय | १० |
| **जम्मा** | | **१००** |

ग) न्यूनतम ५० (पचास) अंक प्राप्त गर्ने आवेदक मात्र छनोटका लागि योग्य मानिनेछ।

घ) आवश्यक परे सिफारिस समितिले व्यवसायिक योजना प्रस्तुतीकरण, अन्तर्वार्ता तथा स्थलगत निरीक्षण गरी प्राप्ताङ्क निर्धारण गर्न सक्नेछ।

ङ) दुई वा दुईभन्दा बढी आवेदकको प्राप्ताङ्क समान भएमा क्रमशः देहाय बमोजिम प्राथमिकता दिइनेछः-

- महिला उद्यमी,
- वैदेशिक रोजगारीबाट फर्केका युवा,
- बेरोजगार युवा,
- दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला तथा आर्थिक रूपमा विपन्न परिवार,
- नगरपालिकाभित्र स्थायी रूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने,
- यसअघि कुनै पनि सरकारी सहुलियतपूर्ण कर्जा सुविधा प्राप्त नगरेको आवेदक।

**च)** सिफारिस समितिबाट छनोट भएका लाभग्राहीको नामावली स्वीकृत गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थामा सहुलियतपूर्ण कर्जा प्रवाहका लागि सिफारिस गरिनेछ।

**(छ)** उपदफा (७) बमोजिम सिफारिस भएका लाभग्राहीलाई कर्जा प्रवाह गर्ने अन्तिम निर्णय सम्बन्धित बैंक तथा वित्तीय संस्थाले प्रचलित कानून, नेपाल राष्ट्र बैंकको निर्देशन तथा आफ्नो कर्जा नीति बमोजिम गर्नेछ।

## परिच्छेद ९
## सावा असुली सम्बन्धी व्यवस्था

(१) नगरपालिकाको सहुलियतपूर्ण कर्जामा व्याज अनुदान कार्यक्रम अन्तर्गत प्रवाह हुने बिना धितो कर्जाको सावा रकमको असुली सुनिश्चित गर्न देहायबमोजिम जमानीको व्यवस्था गरिनेछः

(क) सम्बन्धित उद्यमी वा व्यवसायीको संरक्षक, हकदार वा निजले तोकेको जिम्मेवार व्यक्तिले व्यक्तिगत रुपमा जमानी बस्नुपर्नेछ।

(ख) उपदफा (क) बमोजिम जमानी बस्ने कोहि पनि नभएको खण्डमा सम्बन्धित वडाका कम्तीमा तीन जना स्थानीय बासिन्दाको सामूहिक जमानी अनिवार्य हुनेछ।

(ग) उपदफा (क) र (ख) बमोजिमका जमानीकर्ताको आधारमा समेत प्रचलित कानून, बैंकिङ्ग अभ्यास तथा सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको ऋण असुली सम्बन्धी सम्पूर्ण प्रक्रिया अवलम्बन गरी अन्तिम विकल्पसम्म प्रयास गर्दा पनि असुल हुन नसकेको अवस्थामा मात्र, यस कार्यविधि तथा नगरपालिकासँग भएको सम्झौतामा उल्लेखित सर्त, सीमा र प्रक्रिया बमोजिम नगरपालिकाले आफ्नो दायित्व वहन गर्नेछ।

(२) बैङ्क तथा वित्तीय संस्थाले उपदफा (१) बमोजिमका सम्पूर्ण ऋण असुलीका उपायहरू अवलम्बन नगरी नगरपालिकासँग कुनै किसिमको दायित्व वा भुक्तानी दाबी गर्न पाउने छैन।

(३) नगरपालिकाको दायित्व यस कार्यविधि तथा सम्बन्धित सम्झौतामा स्पष्ट रूपमा उल्लेख गरिएको सीमा, सर्त र प्रक्रियाभित्र मात्र सीमित रहनेछ।

## परिच्छेद-१०
## गुनासो सम्बन्धी व्यवस्था

### १०. गुनासो सम्बन्धी व्यवस्थाः

यस कार्यविधिको कार्यान्वयनका क्रममा बैंकले कर्जा प्रवाह नगरेको, व्यवसायीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडी बढाउने कार्य समेत समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद-११
## कार्यविधिमा संशोधन

### ११. कार्यविधिमा संशोधनः

नगरपालिकाको वैठकले कार्यविधिको परिच्छेद, बुँदा तथा अनुसूचीमा आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ। यसरी संशोधन भएका व्यवस्था सम्बन्धित बैङ्क तथा वित्तीय संस्थालाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेदः १२
## विविध

**१२) लेखा परीक्षणः** (१) कार्यविधिको कार्यक्रमसँग सम्बन्धित लेखा परीक्षण प्रचलित कानून वमोजिम हुनेछ।

**१३) बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा वा अन्य आवश्यक निर्णय र ब्यवस्था गर्नु परेमा उद्यमीशलता सञ्चालक समिति मार्फत उल्लेखित विषयमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन र कार्यविधिको आवश्यक संशोधन गर्नु पर्ने भए निर्णय गरी कार्यपालिकाको वैठकमा पेश गर्न सक्नेछ । यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिका कुराहरु नगरपालिकाको नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

**१४) बचाउ र खारेजीः**

यो कार्यविधि खारेज भएको खण्डमा पनि यस वमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
गणेश प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची -१

### (परिच्छेद-३ को (१) सँग सम्बन्धित)

(क) व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाः

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा वागवानी,

४. पशुपन्छीपालन,

५. अष्ट्रिच, टर्की र हाँसपालन, सोको मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,

६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण,

७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण,

८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,

९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१०. पशुवधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,

११. जडिवुटी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,

१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण,

१३. मौरी पालन व्यवसाय,

१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१५. प्राङगारिक तथा जैविक मल,

१६. पशुपन्छीजन्य दाना उद्योग,

१७. कपास, ऊन, रेसम खेती/उत्पादन, प्रशोधन र बिक्री वितरण,

१८. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,

१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरू ।

(ख) शिक्षित युवा स्वरोजगार कर्जा,

(ग) वैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा

(घ) महिला उद्यमशीलता कर्जाः देहायका व्यवसाय तथा उद्यमहरूको लागि प्रवाह हुनेछ ।

(१) कृषि व्यवसाय (उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण)

(क) खाद्यान्न, नगदे बाली, तरकारी, फलफुल तथा जडिवुटीः

- धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सस्र्यू, केराउ, चना, भटमास आदि।
- चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा,

- बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि। लसुन, प्याज, आलु, काउली, बन्दा, परवलकुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली,
- गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि। आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची,
- कटहर, भूईँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि । नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबूटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबैकिसिमका जडिबूटी उत्पादन (प्रचलित कानूनले बन्देज लगाएका बाहेक) आदि ।

(ख) पशुपन्छीपालनः

- गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी,
- वाच्छा-बाच्छी, पाडा-पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु। कुखुरा, हाँस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु।
- व्यवसायिक रुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि।

(ग) सिंचाई तथा सिंचाई उपकरणः

- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुर्याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने
- हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

(घ) कृषि औजार वा संयन्त्रः थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर आदि ।

(ङ) प्रचलित कानूनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु ।

(२) उद्योग व्यवसायः

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) सेवा व्यवसायः

(क) स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरुः स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

(ख) पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरुः पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुर्याउने सेवा व्यवसायहरुः कृषि सामाग्री, बेचबिखन, कृषि उपज वेच विखन, औद्योगिक कच्चा पदार्थको खरदि बिक्री आदि।

(घ) सीप एवं स्वरोजगारमूलक व्यवसायहरूः

फोटोकपी, कम्प्यूटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्यूटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानूनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण र सरसफाईसँग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल-उद्यान, खेलकूद आदि ।

(ङ) पर्यटन सम्बन्धी व्यवसायहरुः होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, र्‍याफटिङ्ग आदि ।

(च) सञ्चार सम्बन्धी व्यवसायहरुः टेलिफोन, फ्याक्स, ई-मेल, इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) ब्यवसायिक सवारी सेवा सम्बन्धी व्यवसायः रिक्सा, ठेलागाडा, एक्का (घोडासहित) आदि।

(ज) प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानूनले तोकेका अन्य सेवामूलक व्यवसायहरु।

**(४) अन्य व्यवसायः** मूल्य अभिबृद्धि हुने व्यवसाय जस्तै रेडियो, घडि, टेलिभिजन, कम्प्यूटर, आधुनिक वत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।

सूचना प्रविधिः कम्प्यूटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।

विविधः खुद्रा पसल, आवास निर्माण, सौर्य बत्ती, धारा वाथरुम तथा शौचालय निर्माण ।

प्रचलित कानूनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,

२. सिलाई कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई मेशिन खरिद गर्न,

३. परम्परागत आय आर्जनका पेशाहरु,

४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,

५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु विक्री गर्न,

६. परम्परागत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,

७. सरसफाई पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,

८. आफ्नो पुख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, ब्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,

९. नेपाल सरकारले समय समयमा तोकेका अन्य पेशाहरु ।

(च) उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाः

आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरूः

१. नेपाल सरकारले तोकिदिएका विषयको उच्च शिक्षा,

२. स्वास्थ्यसँग सम्बन्धित विषयहरु एम.वि.वि.एस, आयुर्वेद चिकित्सा, वि.डि.एस, वि.पि.एच, फार्मेसी, नर्सिङ लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

३. इन्जिनियरिङसँग सम्बन्धित विषयहरु जस्तै सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

४. पशु विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

५. कृषि विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

६. अन्य प्राविधिक विषयहरुसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु ।

## अनुसुची-२

## (परिच्छेद ६ को "४" सँग सम्बन्धित )

## (ऋणीले व्याज अनुदान सहितको व्यवसाय कर्जाका लागी बैंकमा दिने निवेदनको ढाँचा)

सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिमको ........................................ कर्जाका लागि ऋणीले बैंकमा दिने निवेदनको ढाँचा

मितिः २०... / ..... /.....

श्री ................................ बैंक लि.

.............।

**विषयः ब्याज अनुदान सहितको ............................. कर्जा बारे ।**

महाशय,

उपर्युक्त सम्बन्धमा नागार्जुन नगरपालिकाले जारी गरेको "सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" बमोजिम .............................कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) ......................................................................लाई ................ ..............................प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवदेन साथ संलग्न गरी पेश गरेको छु/छौं । मैले/हामीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका शर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु । यदि नेपाल सरकारले व्याज अनुदान कार्यक्रम रोक्का वा हटाएमा अनुदान स्वरुप पाएको व्याज म आफैंले तिर्नेछु ।

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

इमेलः

## अनुसुची-३
## (परिच्छेद ६ को "९" सँग सम्बन्धित )

**नगरपालिकाले सञ्चालन गरेको उद्यमशीलता विकास कार्यक्रमवाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा सम्बन्धमा नगरपालिकाको सिफारिस लिनको लागि सम्बन्धित ऋणिले नगरपालिकामा दिने निवेदन ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाडौं ।

**विषय - व्याज अनुदान सहितको उद्यमशिलता कर्जाका लागि सम्बन्धित वैंकलाई सिफारिस पाउँ भन्ने बारे ।**

महोदय

१. उपर्युक्त सम्बन्धमा नागार्जुन नगरपालिकाद्वारा संचालित "सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" बमोजिम कर्जा प्राप्त गर्नका लागी म/हामी (फर्म, कम्पनी, संस्था ) ............. लाई ....................................... प्रयोजनका लागी कर्जा प्राप्त गर्नका लागि सम्बन्धित .................................वैंकलाई सिफारिस गरिदिन हुन यो निवेदन पेश गरेको छु/छौ ।

२. नगरपालिकाले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु /छौ ।

३. मैले / हामीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका, नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएको शर्तहरुको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको सावाँ समय मै वैंकसँगको सम्झौता वमोजिम भुक्तानी गर्नेछु/छौं ।

४.नगरपालिकाद्वारा जारी गरिएका सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० को अक्षरसः पालना गर्ने छु/छौं । यदि पालना नगरेको ठहर भएमा उपर्युक्त कार्यविधि बमोजिम सहुंला बुझाउंला ।

निवेदकको नामः
ठेगानाः
सम्पर्क टेलिफोन नं
इमेलः
फर्म, कम्पनी, संस्था, उद्योगको नामः
छापः
ठेगानाः
सम्पर्क टेलिफोन नं
इमेलः
मितिः

### पेस गर्नु पर्ने कागजातहरु

१. उद्योग व्यवसाय दर्ता प्रमाण पत्र, प्यान नम्बर, नविकरण गर्नु पर्ने भए नवीकृत प्रमाणपत्र ।

२. प्रवन्ध पत्र, नियमावली (भएमा) ।

३. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र ।

४. नागरिकताको प्रमाण पत्र ।

५. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी व्यवसायिक योजना ।

६. आवश्यकता अनुसार तोकिएका अन्य कागजपत्रहरु ।

**अनुसुची -४**
**(परिच्छेद ६ को “९” सँग सम्बन्धित )**
**पारिवारिक मञ्जुरीनामाको नमुना**

**मिति**

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

**विषयः मञ्जुरीनामा सम्बन्धमा ।**

हाम्रो एकाघर संगोल परिवारका सदस्य ........................................ले नगरपालिकामा दिएको निवेदन अनुसार "सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" बमोजिम तोकिएको क्षेत्रमा .......................................................व्यवसाय संचालन गर्नका लागि ........................................................................................... वैंकवाट रु......................(अक्षरमा..................................................रुपैया मात्र) ऋण लिई व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा नियमानुसार तिर्नुपर्ने साँवा, व्याज, किस्ता, जरिवाना एकमुष्ट रुपमा हामी एकाघरका परिवारका सदस्यहरुले तिर्न राजीखुसी छौ । साथै उक्त रकम तिर्न नसकेमा हामी एकाघर संगोल परिवारको चल, अचल सम्पत्ति वा जायजेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखि लेखाई सहि छाप गरिदियौ ।

तपशिल

| क्र.सं. | नामथर | ठेगाना | नाता | दस्तखत | दा.वा. ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |

रोहवर
हस्ताक्षर
नाम, थर
पद छापः मितिः
ईति सम्बत् २०.....साल ..........महिना..........गते रोज.......शुभम्.............

**अनुसुची -५**

**(दफा ६ को "९" सँग सम्बन्धित)**

**सामुहिक जमानीको नमुना**

**मितिः**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
नागार्जुन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,।

**विषयः सामुहिक जमानी सम्बन्धमा ।**

तपशीलतमा उल्लेखित ................समुहका सदस्यहरुले नगरपालिकामा दिएको निवेदन अनुसार "उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" बमोजिम तोकिएको क्षेत्रमा .......................................................व्यवसाय संचालन गर्नका लागि ...................... वैंक तथा वित्तिय संस्थावाट रु.....................(अक्षरुपी..................................................रुपैया मात्र) ऋण लिई उद्यम व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा तिर्नुपर्ने साँवा, किस्ता, जरिवाना एकमुष्ट रुपमा हामी समुहका सदस्यहरुले तिर्न राजीखुसी छौ साथै उक्त रकम तिर्न नसकेमा हाम्रो समुहको तथा हामी समुहमा रहेका सदस्यको चल, अचल, जाय, जेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखि लेखाई सहिछाप गरिदियौं ।

तपसिल

| क्र.सं. | नामथर | ठेगाना | नता | दस्तखत | दा.वा. ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नोटः पारिवारिक मञ्जुरीनामा समूहका प्रत्येक व्यक्तिको अनुसूची- ४ बमोजिम उपलव्ध गराउनु पर्नेछ

रोहवर

हस्ताक्षरः नाम, थरः पदः छापः

मितिः

## अनुसुची-६
## (परिच्छेद ७ को "३" सँग सम्बन्धित)

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
नागार्जुन नगरपालिका
नगरकार्यपालिकाको, कार्यालय, काठमाडौं ।

**विषय - व्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित किस्ता भुक्तानी नभएका कर्जाको विवरण ।**

महोदय,

नागार्जुन नगरपालिका "उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" ले गरेको व्यवस्था अनुसार यस बैंकले विभिन्न शीर्षकमा प्रवाह भई नियमित किस्ता भुक्तानी नभएका कर्जाको विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण
ऋणीको नाम
कर्जा शिर्षक
कर्जा प्रवाह मिति
कर्जासाँवा बक्यौता (रु)
कर्जा भुत्तानी मिति
यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने साँवाको किस्ता रकम (रु........... )
व्याज अनुदानको रकम ( रु................)
कूल पाउनुपर्ने जम्मा रकम रु ......... अक्षेरुपी रु.............................
वैंकले कर्जा नियमित गर्न गरेको प्रयासको विवरण ः

...................................
....................... बैंकको तर्फबाट
दस्तखतः
नामः पदः छाप विभाग / कार्यालयः मितिः

## अनुसुची-७

## (दफा ७ को "४" सँग सम्बन्धित)

मिति

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको, कार्यालय, काठमाडौं ।

**विषय - व्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित किस्ता भुक्तानी भएका कर्जाको विवरण ।**

महोदय,

नागार्जुन नगरपालिका "उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०" ले गरेको व्यवस्था अनुसार यस बैंकले विभिन्न शीर्षकमा प्रवाह भई नियमित किस्ता भुक्तानी भएका कर्जाको विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण
ऋणीको नामः
कर्जा शिर्षकः
कर्जा प्रवाह मितिः
कर्जासाँवा वाँकी (रु)
कर्जाको साँवा भुत्तानी मितिः
यस अवधिमा ऋणीबाट असुल गरिएको साँवाको किस्ता रकम (रु........... )
व्याज अनुदानको प्राप्त रकम ( रु................)
कूल प्राप्त गरेको रकम रु ......... अक्षेरुपी रु.............................
............. बैंकको तर्फबाट
दस्तखतः
नामः
पदः
छापः विभाग / कार्यालयः मितिः